**मिति २०८० असार ८ गते शुक्रबार (वि.सं.२०८०।३।८) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रम कार्यपालिका बैठकबाट स्वीकृत गरी मिति २०८०।३।१० गते को १३औं नगरसभाको प्रथम बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यपालिका बैठकबाट स्वीकृत गरी मिति २०८०।३।१० गते को १३औं नगरसभाको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो । साथै यस उपमहानगरपालिकाका उपप्रमुख श्री स्यानी चौधरी काम बिशेषले देश बाहिर रेहकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१को १ बमोजिम बजेट प्रस्तुत गर्न आर्थिक विकास समितिका संयोजक श्री माधव वलीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको प्रमाणमा आधारित कानुन निर्माण र योजना तथा बजेट तर्जुमा सम्बन्धी कार्यबिधि,२०८० स्वीकृत गर्ने निर्णय गरियो । ।

**निर्णय नं.४**

तुलसीपुर उपमहानगरपालिकामा कार्यालय सहयोगी पदमा सेवारत रहि सेवामा रहेकै अवस्थामा मिति २०७९।११।७ गते निधन हुनु भएका कार्यालय सहयोगि जिताराम चौधरीको अस्थायी सेवाअवधि गणना गरी उपदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ मा रहेको कालाखोला शबदाह गृह स्थानान्तरण लागि निवेदन प्राप्त भएकोले सोको यर्थाथ बुझि आवश्यक अध्ययन गर्न तपसिल बमोजिमका पदाधिकारीहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

१.श्री बीरेन्द्र कुमार शाह
२.श्री रामबहादुर जिसी
३. श्री दुजमान भण्डारी

टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८० असार ८ गते शुक्रबार (वि.सं.२०८०।३।८) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. ६**

नेपाल आयल निगम लिमिटेड ईन्धन डिपो दाङ्गको च.नं. ३७६ मिति २०८०।२।७ को पत्रबाट आयल निगमको डिपो सञ्चालनका लागि आवश्यक पर्ने कार्यालय भवन तथा अन्य आवश्यक पुर्वाधार निर्माणका लागि जग्गाको व्यवस्था गरिदिनुहुन भनि पत्राचार भएको सम्बन्धमा ८ नं. वडा कार्यालयको २०८०।३।८ गते बसेको वडा समितिको बैठक तथा च.नं.४०६२ मिति २०८०।३।८ को पत्रबाट तुलसीपुर ८ स्थित रोटेपानी चौरको २ बिगाह जग्गा भोगचलनका लागि उपलब्ध गराउन सकिने भन्ने पत्र प्राप्त भएकोले तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ स्थित पूर्वमा देव बहादुर डागीको जग्गा,पश्चिम नन्दलाल गिरीको जग्गा,उत्तर चाहना टोलबाट सुर्खेत सडक जोडने बाटो र दक्षिणमा तुलसीपुर सुर्खेत सडक यति चारकिल्ला भित्र पर्ने रोटेपानी चौरको २ बिगाह जग्गा नेपाल आयल निगम लिमिटेड ईन्धन डिपो दाङ्गलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

साल्ट ट्रेडिङ्ग कर्पोरेशनबाट कार्यालय व्यवस्थापनका लागि जग्गा माग भएको र सो सम्बन्धमा ७ नं. वडा कार्यालयको च.नं. ४४९३ मिति २०८०।२।१२ को पत्र तथा मिति २०८०।१।३० गते बसेको सर्बदलीय सर्बपक्षीय बैठकको नि.नं. २ बाट समेत तुलसीपुर उपमहानगगरपालिका वडा नं. ७ स्थित बसन्तपुर टोलमा रहेको पुर्व ग्वार खोला,पश्चिम नर्सरी एरिया,उत्तर घोराही तुलसीपुर सडक र दक्षिणमा बसन्तपुर टोल यति चारकिल्ला भित्र पर्ने नर्सरी भन्ने ठाउमा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. नेपाललाई गोदाम घर(स्टोर) स्थापनाका लागि जग्गा उपलब्ध गराउने भन्ने ब्यहोराको निर्णय समेत भएकाले उक्त जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ को च.नं. ४४९२ मिति २०८०।२।१२ को पत्रका साथै मिति २०८०।१।३० गते बसेको सर्बदलीय सर्बपक्षीय बैठकको निर्णय समेत संलग्न गरी वडा नं. ७ को पर्सेनीमा रहेको अस्थायी प्रहरी पोष्टलाई स्थायी रुपमा सञ्चालन गर्न सिफारिस माग भएकोले उक्त प्रहरी पोष्ट स्थायी रुपमा सञ्चालनका लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाका वडा नं. ३, ८ र ९ मा रहेको अमृतपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाका सम्बन्धमा आवश्यक छानबीनको माग गरी यस उपमहानगरपालिकामा निवेदन प्राप्त भएकोले सो सम्बन्धमा के भएको हो सत्य तथ्य बुझि प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने साथै प्रतिवेदन पेश नहुदा सम्म उक्त खानेपानी संस्थाको खातापाता बन्द गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

| | |
|---|---|
| १.श्री मान बहादुर रावत | संयोजक |
| २.श्री घनश्याम ढकाल | सदस्य |
| ३.श्री बीरबहादुर बिक | सदस्य |
| ४.श्री धर्मराज वली | सदस्य |
| ५. श्री प्रकाश केसी | आलेप(सदस्य) |

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

**मिति २०८० असार ८ गते शुक्रबार (वि.सं.२०८०।३।८) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाको प्राकृतिक श्रोतहरुको उचित व्यवस्थापन,परिचालन तथा रेखदेख गर्नका लागि तपसिल बमोजिमको प्राकृतिक श्रोत अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १. श्री बीरबहादुर बिक | संयोजक |
| २.श्री थलराज पुरी | सदस्य |
| ३.श्री शंकर खडका | सदस्य |
| ४.श्री रिखा शार्मा | सदस्य |
| ५. श्री पवन योगी | सदस्य |
| ६. श्री ललित बहादुर घर्ती | सदस्य सचिव |

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकको मिति २०७९।७।१७ गते प्रकाशित सूचना अनुसारको ठेक्का नं. ११/०७८/०७९ बटोलपुर क्षेत्रको र मिति २०७९७।२२ मा स्वीकृत भएको र ठेक्का नं. १२/०७८/०७९ पातुखोला(सुकौरा पक्कि पुलको दक्षिण तर्फको क्षेत्र) को मिति २०८०।२।२९ बसेको प्राकृतिक श्रोत परिचालन तथा व्यवस्थापन समिकिो निर्णय बाट उक्त ठेक्का रद्द गरी धरौटी फिर्ता गर्ने सिफारिस भएकोले सो सम्बन्धमा ठेक्का रद्द गर्ने वा नगर्ने तथा धरौटी फिर्ता गर्नु पर्ने वा नपर्ने बिषयमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री बीरबहादुर बि.क | संयोजक |
| २. श्री घनश्याम ढकाल | सदस्य |
| ३.श्री धर्मराज वली | सदस्य |

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

४. श्री खिमलाल वली लेखाअधिकृत सदस्य

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को बायोखोला देखि खुमखानी जोडने सडकको IEE गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर १९ मा सञ्चालित बिजौरी स्वास्थ्य चौकीमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था भवन निर्माण कार्यबिधि, २०७६ बमोजिमको तराई क्षेत्रमा निर्माण गरिने डिजाईनको भवन निर्माण गर्न आवश्यक जग्गाका लागि नेपाल सरकार भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको सार्वजनिक प्रकृतीको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ बमाजिम दाङ्ग जिल्ला साबिक बिजौरी वडा नं. ८ ख कित्ता नं. ४६ को ऐलानी पर्ति सार्बजनिक जग्गा उपभोगको लागि भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयमा अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**

तपसिल बमोजिमका संघ,संस्था तथा बिरामी ,अशक्तहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

१. बीर बहादुर बि.क. वडा नं. १ लाई रु.२५०००।

२. श्रीमद भागवत सेवा समिति वडा नं. ७ लाई रु.५०००।

३.मान बहादुर कामी वडा न ५ लाई रु.१००००।

४.कमला बुडामगर वडा नं.३ लाई रु. २५०००।

५.चन्द्रबीर डागी वडा नं. २ लाई रु.१००००।

६.प्रेश चौतारी नेपाल लाई रु.१००००।



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

**मिति २०८० असार ८ गते शुक्रबार (वि.सं.२०८०।३।८) तुलसीपुर उपमहानगरपालिकाको १२औं नगरकार्यपालिका बैठकका निर्णयहरु :**

७.देबीलाल कामी वडा नं. ४ लाई रु.१००००।

८.बिनोद डिसी वडा नं. ४ लाई रु.२५०००।

९.नेपाल उत्पीडित जातीय मुक्ति समाज लुम्बिनी लाई रु.१००००।

१०.स्वर्गद्धारी सवारी दुर्घटना भएको ३ जना मृतकको किरिया खर्च ३ जनालाई जनही २५ हजारका दरले जम्मा ७५ हजार ।

११.ईन्द्र बहादुर खडका वडा नं. १८ लाई रु.२५०००।

१२. पत्रकार महासंघ दाङको भुक्तानी लाई रु.२००००।

१३. कमला केसी(क्यान्सर) तुलसीपुर ३ लाई रु.२५०००।

१४. कुल बहादुर बुढा वडा नं. ३ लाई रु.२५०००।

१५.कृष्ण बहादुर केसी वडा नं. १२ लाई रु.२५०००।

१६.मिना डागी वडा नं. १४ लाई रु.२००००।

१७.खिमबहादुर महरा लाई रु.२५०००।

१८.रणबहादुर खडका लाई रु.२५०००।

१९.घनश्याम योगी लाई रु.२५०००।

२०.चैत्री चौधरी वडा नं. १३ लाई रु.१५०००।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका मिति २०८०।२।१७ गते बसेको शिक्षा समितिको बैठकको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**राम बहादुर के.सी.**
प्रमुख प्रशासकीय अधिकृत

**टिकाराम खड्का**
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल